# विराटनगर महानगरपालिका

बैठक संख्या: ७४ बैठक प्रारम्भ: दिउसो ३ : ०० बजे

मिति: २०७७/६/२० बैठक स्थगन: ५ : ०० बजे

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुली ज्युको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगरकार्यपालिकाको बैठक बसी निम्न उपस्थितिमा निम्नलिखित निर्णय गरियो ।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उप-प्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धव अर्याल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देवेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री बिजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | झरीलाल महतो | |
| १६ | का.वा. सदस्य | श्री महिचन्द्र यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | का.वा. सदस्य | श्री राजदेव यादव | |
| २१ | का.वा. सदस्य | श्री जीतेन्द्र खवास | |
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |

| | | | |
|---|---|---|---|
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री शुशिला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री गायत्री कुमारी दास | |
| २९ | सदस्य सचिव | श्री इन्द्रमणि पोखरेल | |
| ३० | आ.सहयोगी | अर्जुन थपलिया | |
| ३२ | आ.सहयोगी | धिरज राई | |

**प्रस्ताव तथा निर्णय :**

**निर्णय नं. १**

विराटनगर विमानस्थललाई अन्तर्राष्ट्रिय स्तरको रुपमा विकास, विस्तार र स्तरोन्नति गर्न तयार पारिएको गुरुयोजना कार्यान्वयनका लागि प्रदेश नं. १ सरकार, विराटनगर महानगरपालिका र नेपाल नागरिक उड्डयन प्राधिकरणबीच सह-लगानीका लागि मिति २०७७/०६/१९ मा भएको समझदारीपत्र कार्यपालिका बैठकमा पेश भई जानकारी प्राप्त भयो ।

**निर्णय नं. २**

विराटनगर महानगरपालिका वडा नं. ३ स्थित पोखरीया मा.वि.बाट माग भए बमोजिम पूर्वाधार विकासको लागि आवश्यक न्यूनतम जग्गा १० (दश) कठ्ठा विराटनगर महानगरपालिका वडा नं. ३, कन्चनबारी स्थित श्री सत्यनारायण मन्दिरको महानगरपालिकालाई दिइएको जग्गाबाट पोखरीया मा.वि.लाई उपलब्ध गराउनको लागि निर्णय गर्न श्रीमान् नगर प्रमुखज्यूलाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

विराटनगर महानगरपालिकाले तयार गरी पेश भएका सहकारी नियमावली २०७७, सहकारी संस्था एकिकरण सम्वन्धि कार्यविधि २०७७, सहकारी संस्था दर्ता दिग्दर्शन २०७७, भवन निर्माण मापदण्ड २०७७ (संशोधन), महानगर प्राविधिक शिक्षालय सञ्चालन कार्यविधि २०७७ र भू-उपयोग कार्यविधि २०७७ थप अध्ययन गरी आगामी बैठकमा पुनः छलफल गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत स्थायी कर्मचारी श्री अमित कामतलाई कर्मचारी कल्याणकोषबाट ऋण सहयोग वापत रु. ३,००,०००।०० (तीन लाख) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

नगरको फोहोरमैला व्यवस्थापनको लागि हाल साझेदार रहेको संस्थासंगको सम्झौता आगामी बैशाखदेखि समाप्त हुनलागेको सन्दर्भमा आगामी समयमा उचित तथा प्रभावकारी फोहोरमैला व्यवस्थापनका लागि अध्ययन गरी महानगरले अपनाउनुपर्ने रणनीति तथा कार्यदिशा सहित आउंदो कात्तिक मसान्तभित्र प्रतिवेदन पेश गर्नेगरी ई.भरत कुमार न्यौपानेको संयोजकत्वमा ई.अर्जुन थापा, अनिता न्यौपाने, ई.सुदीक्षा कार्की र हीरालाल यादव सदस्य रहनेगरी पांच सदस्यीय समिति गठन गर्ने निर्णय गरियो ।